AMC Journal (Pp. 135-150)
(A Peer-Reviewed, Open Access Journal, Indexed in NepJOL)

Research Management Cell

Adarsha Multiple Campus, Gajuri, Dhading

DOI: https://doi.org/10.3126/amcj.v5i1.75974

ISSN: 2717-4808 (Print) 2738-9987 (Online)

खस मातृभाषी विद्यार्थीले नेपाली भाषा सिकाइमा गरेका त्रुटिको विश्लेषण

प्रकाश खत्री*

सार

सिकारुले भाषा सिकाइका क्रममा विभिन्न त्रुटि गर्दछन् । त्रुटि भाषाका चारओटै सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइमा हुन्छन् । त्रुटि मातृभाषामा मात्र होइन, दोस्रो वा अन्य भाषा सिकाइका क्रममा पनि हुन्छन् । सिकारुले कुन प्रकृतिका त्रुटि गर्दछन् ? ती त्रुटि के कारणले वा कसरी हुन्छन् ? तिनीहरूको निराकरणका उपाय के-के हुन् भनी अध्ययन विश्लेषण गर्ने पद्धतिलाई त्रुटिविश्लेषण भनिन्छ । त्रुटिको अध्ययनबाट ज्ञानको स्तर र सिक्न बाँकी रहेका कुरा पत्ता लगाउन सकिन्छ । सिकारुले गरेका त्रुटि सङ्कलन, वर्गीकरण, व्याख्या र वर्णन गरी सिकाइमा रहेका खास-खास समस्याका आधारमा समाधान निकाल्न सकिन्छ । प्रस्तुत लेख खस मातृभाषी विद्यार्थीले नेपाली उच्चारण र लेखाइमा गर्ने त्रुटिको अध्ययनमा केन्द्रित छ । यसको मुख्य उद्देश्य खस मातृभाषी विद्यार्थीले नेपाली उच्चारण र लेखाइमा गर्ने त्रुटि पत्ता लगाउनु रहेको छ । तथ्याङ्क सङ्कलन गर्दा अन्तर्वार्ता, मौखिक उच्चारण तथा लिखित प्रश्नहरूको उत्तर लेख्न लगाइएको छ । विद्यार्थीहरूलाई शीर्षक दिएर लिखित रूपमा निबन्ध लेख्न लगाउनुको साथै स्वतन्त्र रूपमा वक्तृता र संवाद गराइएको छ । खस मातृभाषाका बारेमा पूर्वप्रकाशित पुस्तक, लेख र पत्रपत्रिकाको समीक्षा गरिएको छ । तथ्याङ्क विश्लेषण गर्दा वर्णनात्मक, तुलनात्मक र विश्लेषणात्मक विधि प्रयोग गरिएको छ । व्याख्या विश्लेषणको मूल आधार पाठविश्लेषण पद्धतिलाई बनाइएको छ । आफ्नो मातृभाषा भाषीहरूको अर्को भाषाप्रतिको अस्वीकृत रूप नै त्रुटिको मुख्य कारण हो । त्रुटि भनेको सामान्य स्वीकृत भाषाको रूपबाट पर जानु वा विचलन हुनु हो । यस लेखमा विषय परिचय, त्रुटिविश्लेषणको सैद्धान्तिक पर्याधार, अनुसन्धानको समस्या, उद्देश्य, विधि र प्रक्रिया, खस मातृभाषी विद्यार्थीका नेपाली भाषाको उच्चारण र लेखाइगत त्रुटिको विश्लेषण गरी अन्त्यमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

* श्री खत्री जुम्ला बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख हुनुहुन्छ । Email: pkkhatri074@gmail.com

खस मातृभाषी विद्यार्थीलाई नेपाली उच्चारण र लेखाइमा निकै कठिनाइ भएको, शब्दभण्डार, शब्दोच्चारणका तरिका र लबज भिन्न भएकाले नेपाली भाषाका सुनाइ, बोलाइ, पढाइ तथा लेखाइमा त्रुटि हुने गरेको निष्कर्ष निकालिएको छ ।

मुख्य शब्दावली : त्रुटिविश्लेषण, निराकरण, भाषान्तरिक, भाषा सिकाइ, व्याकरणिक कोटि, समपारिवारिक ।

परिचय

नेपालको संविधानमा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्धन गर्ने कुरा उल्लेख गरिएको छ । बहुभाषी मुलुक नेपाल क्षेत्रफलको हिसाबले सानो भए पनि भाषाभाषीका दृष्टिले निकै ठूलो छ । विश्वमा बोलिने चारओटै भाषा परिवारका भाषाहरू नेपालमा बोलिन्छन् । यसमध्ये सबैभन्दा बढी भारोपेली भाषा परिवारहरू पर्दछन् भने त्यसपछि चिनियाँ-तिब्बती र क्रमशः आग्नेली र द्रविडेली भाषा परिवारअन्तर्गत क्रमशः दुईदुईओटा सन्थाली र खडिया अनि झागड र किसान भाषाहरू रहेका छन् । एकल परिवारअन्तर्गत कुसुण्डा भाषा पर्दछ (लम्साल, गौतम र अधिकारी, २०७०, पृ.३५) । सेन्टर बिउरो अफ स्टाटिसटिक्स (सन् २०२१) का अनुसार नेपालमा १४२ भन्दा बढी जातजाति बसोबास गर्छन् र १२४ प्रकारका भाषाहरू बोलिन्छन् । यीमध्ये नेपाली भाषा चाहिँ बहुसङ्ख्यकले बोल्ने, साझा सम्पर्कको भाषा तथा प्रशासनिक मान्यता प्राप्त राष्ट्रिय भाषाका रूपमा रहेको छ । भाषाले कथ्य रूपलाई जोड दिए तापनि एकरूपताका लागि लेख्य भाषाको प्रयोग गरिन्छ । नेपाली भाषाको लेखनमा मातृभाषी विद्यार्थीहरूलाई केही सहज भए पनि विमातृभाषी विद्यार्थीका लागि कठिन हुने गरेको छ (अधिकारी, २०५७, पृ. ५८) । दोस्रो भाषाका रूपमा नेपाली सिक्ने विद्यार्थीहरूले त नेपाली बोल्ने र लेख्ने क्रममा नै विभिन्न त्रुटिहरू गर्ने गरेका छन् । त्रुटिकै कारण सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता भाषिक सिप विकासमा समस्या आउने गरेको छ । त्यसैले त्रुटिहरूको खोजी गरी भाषामा आउने त्यस्ता त्रुटिको विश्लेषण गर्नु नै त्रुटिविश्लेषण हो । त्रुटिविश्लेषण प्रायोगिक भाषाविज्ञानको आधुनिक सिद्धान्तका रूपमा विकसित अवधारणा हो । सामान्य स्वीकृत नियमबाट विचलन हुनुलाई त्रुटिका रूपमा लिइन्छ अर्थात् मातृभाषाभाषीहरूको अस्वीकृत रूप नै त्रुटि हो । यसकारण त्रुटिको पूर्वानुमान गर्न सकिन्छ । त्रुटिविश्लेषणमा नियमित त्रुटिको अध्ययन गरिन्छ (बन्धु, २०७७, पृ. ३१०) । शिक्षार्थीले खासगरी प्रयत्न र भुल, अनुकरण तथा सादृश्यको नियम अनुसरण गरी भरसक त्रुटिरहित हुने किसिमबाट भाषा सिकिरहेका हुन्छन् ।

नेपाली र खस समपारिवारिक भाषा परिवारका भए पनि खसभाषी विद्यार्थीहरूले नेपाली उच्चारण र लेखाइमा विभिन्न खाले त्रुटिहरू गर्ने गरेको देखिन्छ । आफ्नो मातृभाषा भाषीहरूको अर्को भाषाप्रतिको अस्वीकृत रूप नै त्रुटिको मुख्य कारण हो । त्रुटि भनेको सामान्य स्वीकृत भाषाको

रूपबाट पर जानु वा विचलन हुनु नै हो । यसकारण यसको पूर्वानुमान गर्न सकिन्छ । गल्ती कहिलेकाहीँ हुन्छ भने त्रुटि नियमित हुन्छ । त्रुटि विश्लेषणमा यस्तै नियमित त्रुटिको अध्ययन गरिन्छ (बन्धु, २०७३, पृ. ३११) । त्रुटिविश्लेषण सन् १९७० को दशकपछि भाषा शिक्षणको क्षेत्रमा महत्त्वपूर्ण विषयका रूपमा देखा पर्न थाल्यो । यसअन्तर्गत दोस्रो भाषा आर्जनलाई बुझ्ने प्रयत्न गरिन्छ जसका लागि दोस्रो भाषा सिकिरहेका व्यक्तिहरूको गल्तीहरू सङ्कलन गरेर लक्षित भाषाका मान्यताहरूसँग दाँजिन्छ । यसपश्चात् ती त्रुटिहरूलाई वर्गीकरण गरिन्छ र ती त्रुटिहरू उत्पन्न हुने कारणहरू के-के हुन सक्छन् भन्ने कुराको विषयमा एउटा अनुमानित सिद्धान्त प्रस्तुत गरिन्छ (ढुङ्गेल, र दाहाल, २०७०, पृ. २२६) । भाषा शिक्षण तथा सिकाइका क्रममा त्रुटिविश्लेषणबाट पहिलो भाषा वा दोस्रो भाषा सिकिरहेका शिक्षार्थीहरूले गर्ने त्रुटिहरूको पहिचान, वर्गीकरण र व्याख्या गरिन्छ । यसबाट शिक्षार्थीहरूको भाषिक सामर्थ्यको स्तर पत्ता लगाएर सुधार गर्न सकिन्छ । त्रुटिविश्लेषण विशेष गरी दोस्रो वा विदेशी भाषा सिक्ने विद्यार्थीहरूले गर्ने त्रुटिहरूको अध्ययनसँग सम्बन्धित रहन्छ । दोस्रो वा विदेशी भाषा सिकिरहेका विद्यार्थीहरूले केकस्ता र कसरी त्रुटि गरिरहेका छन्, तिनीहरूको पहिचान, वर्गीकरण र विश्लेषण गरी सुधारको बाटो देखाउने काम त्रुटिविश्लेषणले गर्दछ । यसबाट भाषा सिकाइका कठिनाइका तहहरूको पहिचान गर्न, भाषा विषयक खास खास रोगहरू पत्ता लगाउन, शिक्षणविधि, शिक्षण कार्यकलाप र शिक्षण सामग्रीको उपयोग गरेर शिक्षण सिकाइलाई प्रभावकारी बनाउन सहयोग पुग्दछ (भण्डारी, २०५४, पृ. २) । भाषा सिकाइमा त्रुटि हुनु सामान्य र स्वाभाविक प्रक्रिया हो । स्वाभाविक वातावरणमा भाषिक सिकाइ सहज र कम त्रुटिपूर्ण भए तापनि त्रुटिरहित हुन चाहिँ सक्दैन । भाषा सिक्दा सिकारुले जति त्रुटि गर्दै जान्छ उति नै सिकाइ प्रभावकारी हुँदै जान्छ । त्यसैले यसलाई स्वाभाविक प्रक्रियाका रूपमा लिइन्छ । भाषा सिकाइमा त्रुटि हुनुलाई भाषिक अपराधका रूपमा नहेरी यसलाई सफलताको पर्याय एवम् सिकाइ प्रक्रियाको माध्यमका रूपमा लिन सकिन्छ । भाषामा स्तरीयता, औपचारिकता र मानक कायम गर्न भाषिक त्रुटिहरूको निराकरण अपरिहार्य हुन्छ । भाषा परिवार, भाषिक संरचना, उमेर, शिक्षा, भूगोल आदिले त्रुटिलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ । यसकारण मातृभाषा नेपाली भएका विद्यार्थीहरू र मातृभाषीइतर विद्यार्थीहरूले गर्ने त्रुटिहरूको अध्ययन नै त्रुटिविश्लेषणमा गरिन्छ । त्रुटिविश्लेषण र भाषा शिक्षणलाई एकअर्काका परिपूरक मानिन्छ । भाषा के, कति र कसरी सिकिन्छ भन्ने कुराको मापन त्रुटिविश्लेषणबाट गर्न सकिने हुँदा भाषा शिक्षण र त्रुटिविश्लेषण एकअर्काका पूरक मानिन्छन् । त्रुटिविश्लेषणबाट भाषा शिक्षकलाई विद्यार्थीले गर्ने त्रुटिहरूको प्रवृत्ति थाहा भएमा उनीहरूलाई कुन कुरा सिक्न कठिन हुँदो रहेछ भन्ने कुराको जानकारी प्राप्त हुन्छ । यिनै जानकारीका आधारमा विद्यार्थीका भाषिक समस्या समाधान गर्न सकिन्छ । पहिलो भाषा सिक्दा होस् वा दोस्रो भाषा सिक्दा, भाषिक सिकाइ प्रक्रिया त्रुटिसँगै अगाडि बढ्छ । भाषिक सिकाइ प्रक्रिया कसरी भइरहेको छ भन्ने कुरा जान्न शिक्षार्थीले सिकिरहेको भाषामा पाइने त्रुटिहरूको अध्ययन विश्लेषण गरी उनीहरूको यथार्थ स्थिति पहिचान गरी समस्या समाधान गर्न सकिन्छ । अतः प्रस्तुत लेखमा खस मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाका भाषिक सिप सिक्ने क्रममा गर्ने त्रुटिहरूमध्ये विशेषगरी लेख्य र उच्चारणगत त्रुटिका पक्षहरूको पहिचान, वर्गीकरण र त्यस्ता त्रुटिहरूको निराकरणका लागि उपायसहितका विधिहरूको विश्लेषण गरिएको छ ।

समस्याको कथन

कुनै पनि अनुसन्धानमूलक कार्यमा समस्या छनोटलाई महत्त्वपूर्ण कार्यका रूपमा लिइएको हुन्छ । समस्याको छनोटविनाको समाधानको खोजी पनि हुन सक्दैन । त्यसकारण यो लेख "खस मातृभाषी विद्यार्थीहरूले नेपाली भाषा सिकाइमा गरेका त्रुटिको विश्लेषण" शीर्षकसँग सम्बन्धित समस्याहरूमा आधारित रहेको छ । त्रुटिविश्लेषणले भाषा सिकाइमा कठिनाइका तहहरूको पहिचान गर्ने, भाषा विषयक खासखास समस्या पत्ता लगाउने, कुन शिक्षण विधिको प्रयोग गर्ने, शिक्षण कार्यकलाप कसरी गर्ने र शिक्षण सिकाइलाई कसरी प्रभावकारी बनाउने भन्ने कुरामा जोड दिन्छ । लेख्य भाषामा विचारको सुस्पष्ट एवम् प्रौढ अभिव्यक्तिका लागि परिष्कृत एवम् शुद्ध भाषाको आवश्यकता पर्दछ र यसै आवश्यकताको परिपूर्ति गर्न वर्णविन्यास शिक्षणको आवश्यकता पर्दछ । लेखाइ बोलाइकै प्रतिरूप भए पनि कतिपय यस्ता परिस्थिति र प्रसङ्गहरू हुन्छन् जहाँ जस्तो बोलिन्छ, त्यस्तै नलेखिने र जस्तो लेखिन्छ, त्यस्तो नबोलिने विविध प्रसङ्गहरू पनि रहन्छन् । भाषाको उच्चारणको प्रभाव लेखाइमा रहन्छ भने अर्कातिर भाषिका र मातृभाषाको प्रभाव पनि बोलाइ र लेखाइमा देखिने हुनाले खस मातृभाषी विद्यार्थीहरूले उच्चारण र लेखाइमा प्रशस्त त्रुटि गर्दछन् । यिनै विविध समस्याहरूलाई दृष्टिगत गरी यो लेखले सोहीअनुसार अध्ययन एवम् विश्लेषण गरेको छ । प्रस्तुत लेखमा खस मातृभाषी विद्यार्थीले नेपाली उच्चारण र लेखाइमा गरेका त्रुटिलाई मुख्य समस्याका रूपमा लिई यही मुख्य समस्यासँग गाँसिएर निम्नानुसारका सहवर्ती समस्याहरू आएका छन् :

(क) खस मातृभाषी विद्यार्थीहरूले नेपाली उच्चारण र लेखाइमा गर्ने त्रुटि के कस्ता हुन्छन् ?

(ख) खस मातृभाषी विद्यार्थीहरूले नेपाली उच्चारण र लेखाइमा गर्ने त्रुटिका कारणहरू केके हुन् ?

सैद्धान्तिक पर्याधार

भाषा सिकाइको क्रममा सिकारुहरूले गर्ने गल्ती वा कमजोरीलाई त्रुटि भनिन्छ । सिकारुले गरेका त्रुटिहरूको व्यवस्थित रूपमा व्याख्या र वर्णन गर्ने प्रक्रिया त्रुटिविश्लेषण हो । यो सन् १९७० को दशकपछि भाषा शिक्षणका क्षेत्रमा देखापरेका सिकाइ प्रक्रियाको अध्ययन गर्ने पद्धति हो । यो विशेष गरी दोस्रो तथा विदेशी भाषा शिक्षणका क्रममा विकसित त्रुटिको वर्णन र विश्लेषण गर्ने पद्धति हो । त्रुटिविना भाषा सिकाइ असम्भव भएकाले प्रयत्न र भूलको सिद्धान्तबाट सिकारुले भाषा सिक्दै जान्छ । पहिले त्रुटिलाई असफलता र बौद्धिक कमजोरीका रूपमा लिने गरिन्थ्यो । अहिले यसलाई प्रगति, विकास र सफलताका रूपमा लिइन्छ (अधिकारी र अन्य, २०७२, पृ. १५५) । जब सिकारुले भाषा सिक्दै जान्छ, तब उसले त्रुटिका साथै त्यसलाई परिमार्जन गर्दै भाषा सिक्छ । भाषिक त्रुटिलाई व्यवहारवादी तथा मनोवादी सम्प्रदायहरूले आ-आफ्नै ढङ्गले चिनाउन खोजेका छन् । संरचनावादीहरूले त्रुटिलाई नकारात्मक कोणबाट हेर्दै सिकारुको कमजोरी ठानेका छन् भने

मनोवादीहरूले भाषाको त्रुटिलाई सिकाइको स्वाभाविक प्रक्रिया मानेका छन् । संरचनावादीका अनुसार त्रुटि अभ्यासको कमी, आदत र असफलताको चिन्ह हो । यिनीहरूले त्रुटिलाई सिकारुको कमीकमजोरी मानेका छन् । मनोवादीहरूले सिकारुले त्रुटि नगरी भाषा सिक्न सक्दैन भन्ने धारणा व्यक्त गर्दछन् । राष्ट्रिय भाषा नीति सुझाव आयोग (२०५०) का अनुसार नेपाली मातृभाषा नभएका बालबालिकालाई प्रारम्भिक कक्षाहरूमा नेपाली भाषा दोस्रो भाषाका रूपमा शिक्षण गरी उनीहरूलाई तल्ला कक्षादेखि नै सक्षम बनाउँदै लैजानु उचित हुन्छ । "भाषा विज्ञानको त्रुटिपरक अध्ययनबाट पहिलो भाषा र दोस्रो वा अन्य भाषाको सिकाइ प्रक्रियामा खास अन्तर नभएको ठानिन्छ तापनि यी दुई सिकाइ प्रक्रियामा केही भिन्नता अवश्य देखाउन सकिन्छ" (अधिकारी, २०५६, पृ.१२९) । "भाषा सिकाइका क्रममा विद्यार्थीहरूले के कस्ता त्रुटिहरू के कारणले गर्दछन् भनी गरिने अध्ययन र विश्लेषण जसले ती त्रुटिहरूको निराकरण गर्न महत्त्वपूर्ण सहयोग गर्दछ, त्यसलाई त्रुटिविश्लेषण भनिन्छ" (ढुङगेल र दाहाल, २०७०, पृ. १८) । गल्तीहरू कहिलेकाहीँ देखापर्ने प्रवृत्तिगत कार्यहरू हुन्, जो अव्यवस्थित किसिमका हुन्छन् र जसलाई सिकारु आफैँले सच्याउन सक्छ तर त्रुटिका बारेमा रिचार्डस् र अन्य (सन् १९८५) भन्छन्, यो दोस्रो वा विदेशी भाषा सिकारुले भाषा सिक्दा गरेको त्रुटिको विश्लेषण गर्ने सिद्धान्त हो (भण्डारी र अन्य, २०६८, पृ. १३७) । भाषा सिकाइका क्रममा त्रुटि हुनु आफैँमा नराम्रो होइन तर यसको स्रोत पत्ता लगाई बेलैमा निराकरण गर्न सकिन्छ (लामिछाने, २०६८, पृ. ११८) । "भाषा बोध र अभिव्यक्तिसँग सम्बन्धित हुन्छ । विचारलाई प्रकट नगरेसम्म स्रोता वा पाठकले बुझ्न सक्तैन । विचारको प्रकटीकरण बोलेर वा लेखेर हुन्छ । अभिव्यक्तिलाई स्तरीय बनाउने प्रयासमा त्रुटि विश्लेषण केन्द्रित हुन्छ" (ढकाल, २०७०, पृ.१४९) । "प्रयत्न जति गऱ्यो त्यति भूल कम हुँदै र त्रुटिमा कमी आउँदै गई भाषाको प्रभावकारी सिकाइ हुन जान्छ । यस्तै लक्ष्य भाषाको सिकाइ स्तर स्रोत भाषाको व्यतिरेक स्तरमा निर्भर हुन्छ भन्ने यसको अर्को मान्यता रहेको छ । यसलाई नै त्रुटिविश्लेषणको सैद्धान्तिक आधार मानिन्छ" (लम्साल र अन्य, २०७०, पृ. ११९) । एस.पी. कर्डरले भाषाको त्रुटिलाई सिकाइको सकारात्मक पक्ष भनेका छन् । कर्डरले भाषा सिकाइका क्रममा सिक्ने व्यक्तिहरूले गरेका त्रुटिको अध्ययनबाट उसको त्यस क्षेत्रमा कत्तिको ज्ञान छ भन्ने कुरा अनुमान गर्न सकिन्छ । यसबाट उसले कुन कुन कुरा सिक्न बाँकी छ भन्ने पत्ता लगाउन सकिन्छ भन्दै सिकारुले गरेका त्रुटिहरूको भाषावैज्ञानिक प्रक्रियाबाट वर्णन र वर्गीकरण गरेर सिकारुलाई भाषा सिक्दा आइपरेका समस्याको समेत आँकलन गर्न सकिने कुरा समेत उल्लेख गरेका छन् । त्यस्तै गरी The Significance of Learners' Errors शीर्षकको सन् १९६७ मा प्रकाशित लेखमा एस.पिट कर्डरले दोस्रो भाषा सिकाइका क्रममा सिकारुले गर्ने गल्ती वा कमजोरीलाई नै त्रुटि विश्लेषणको आधार भनेका छन् (भण्डारी, घिमिरे र नेपाल, २०६८ पृ. १४३) । डेभिड क्रिस्टलका अनुसार भाषा शिक्षण तथा सिकाइका क्रममा त्रुटिविश्लेषण त्यस्तो प्रविधि/तरिका हो जसका सहायताबाट विदेशी भाषा सिकिरहेको व्यक्तिले गर्ने त्रुटिहरूको पहिचान, वर्गीकरण र व्याख्या गरिन्छ । यसबाट सिकारुको भाषिक सामर्थ्यको स्तर स्पष्ट रूपमा झल्कन्छ (ढकाल, २०७३, पृ. १३९) । एस.पी. कर्डर (सन् १९७३) का अनुसार त्रुटि विश्लेषणात्मक अध्ययनबाट भाषा सिकाइका क्रममा सिकारुमा भएका सम्बन्धित भाषाको ज्ञान र सिपको मात्र थाहा हुन्छ । यसबाट

सिकारुले केके कुरा सिकेको छ र के सिक्न बाँकी छ भन्ने पत्ता लगाउन सकिन्छ (पौडेल, २०७३, पृ. २००) । यसरी त्रुटि सिकाइको सकारात्मक पक्ष हो । सिकाइमा त्रुटि हुनु विकास प्रक्रियाको सङ्केत हो । नयाँ परिस्थितिसँग सामञ्जस्य गर्नका लागि सिकारुले विभिन्न स्वाभाविक प्रतिक्रिया गर्छ । प्रयत्न र भूल सिकाइ सिद्धान्तका आधारमा सिकारुले भाषा सिक्दै जान्छ । जति बढी प्रयत्न गऱ्यो, त्यति त्रुटि कम हुँदै जान्छन् । यसबाट सिकाइ प्रभावकारी हुन्छ । लक्ष्य भाषाको सिकाइ स्तर स्रोत भाषाको व्यतिरेक स्तरमा निर्भर हुन्छ भन्ने त्रुटिविश्लेषणको मान्यता हो । भाषाको सिकाइ, स्तर र स्रोत भाषाको प्रयोग गर्ने व्यक्ति र स्तरमा निर्भर हुन्छ भन्ने अर्को मान्यता पनि रहेको छ। यिनीहरूलाई नै त्रुटि विश्लेषणको सैद्धान्तिक आधार मानिएको छ। पहिलो त्रुटि विश्लेषणका सम्बन्धमा विभिन्न भाषा वैज्ञानिकहरूले विभिन्न ढङ्गले चर्चा परिचर्चा गरेको पाइन्छ । दोस्रो भाषा सिकाइका क्रममा सिकारुले गर्ने त्रुटिलाई विभिन्न आधारमा वर्गीकरण गरेको देखिन्छ। यस सम्बन्धमा भाषावैज्ञानिक एस. पी. कर्डर (१९७३, पृ.२७७) ले त्रुटिलाई स्वरूपगत र भाषा वैज्ञानिक आधारमा वर्गीकरण गरेका छन् । कर्डरको भाषा वैज्ञानिक आधारमा गरिएको वर्गीकरणलाई प्रस्तुत अध्ययनमा मूल सैद्धान्तिक पर्याधार मानी तथ्यहरूको व्याख्या विश्लेषण गरिएको छ ।

उद्देश्य

प्रस्तुत लेखको मूल उद्देश्य खस मातृभाषी विद्यार्थीले नेपाली उच्चारण र लेखाइमा गर्ने त्रुटि पहिचान गरी विश्लेषण गर्नु हो । यसका सहवर्ती उद्देश्यहरूलाई निम्नबमोजिम विशिष्टीकृत गरिएको छ :

(क) खस मातृभाषी विद्यार्थीहरूले नेपाली उच्चारण र लेखाइमा गरेका त्रुटिहरू पत्ता लगाउनु,

(ख) खस मातृभाषी विद्यार्थीहरूले नेपाली उच्चारण र लेखाइमा गर्ने त्रुटिका कारणहरू पत्ता लगाउनु ।

विधि र प्रक्रिया

प्रस्तुत अध्ययनका क्रममा तथ्याङ्क सङ्कलन गर्नका लागि कक्षा नौमा अध्ययनरत खस मातृभाषी विद्यार्थीसँग छलफल तथा अन्तर्वार्ताद्वारा तथ्याङ्क प्राप्त गरिएको छ। निर्धारित विद्यार्थीलाई स्वतन्त्र तरिकाले संवाद गर्न, वक्तृता प्रस्तुत गर्न, मौखिक तथा चित्र वर्णन गर्न लगाइएको छ। विद्यार्थीहरूले कुनकुन शब्दमा त्रुटि गरे भन्ने कुराको निर्धारण गरिएको छ। त्रुटिहरूको पहिचान, लिखित सामग्रीको टिपोट र उच्चारणजन्य सामग्रीहरूलाई सुनेर निश्चित गरिएको छ। खस भाषाका बारेमा पूर्वप्रकाशित पुस्तक, व्याकरण, पत्रपत्रिका, शब्दकोशका साथै पुस्तकालयीय अध्ययन कार्यको उपयोग गरिएको छ। तथ्याङ्क विश्लेषण गर्दा वर्णनात्मक, तुलनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । सङ्कलित तथ्याङ्कको वर्गीकरणपश्चात् विद्यार्थीका उच्चारणगत त्रुटिको विश्लेषण गरिएको छ ।

यस क्रममा विद्यार्थीहरूलाई निश्चित शब्दहरू उच्चारण गर्न लगाई रेकर्ड गरेर सङ्कलित मौखिक अभिव्यक्तिको क्षमता विश्लेषण गरी विद्यार्थीका बोलाइमा के कति त्रुटि छन् भन्ने कुरा पत्ता लगाइएको छ । तथ्याङ्क विश्लेषण गर्दा विद्यार्थीहरूले नेपाली उच्चारणमा गरेका त्रुटिहरू पत्ता लगाई त्यसका आधारमा अर्थ, वाक्यगठन, वर्णविन्यासका कुन पक्षमा बढी र कुन पक्षमा कस्ता त्रुटि गरे भन्ने कुराको पहिचान गरिएको छ । यसरी सङ्कलित लिखित तथा मौखिक सामग्रीको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

परिणाम

खस मातृभाषी विद्यार्थीका वाक्यरचनामा पदहरूको पदादि, पदमध्य तथा पदान्तमा 'आ' कार उच्चारण गर्दा 'अ' कार प्रयोग गरेको देखिन्छ ।

मानक शब्द	**त्रुटिपूर्ण शब्द**
भारदार	भरदार
शाकाहारी	शकाहारी
साधना	सधना
सामाजिक	समाजिक
अहिले	आहिले
आदर	आधर
महान्	माहान्
अझै	अजै
आकाश	अकाश

यसरी खस मातृभाषी विद्यार्थीहरूले पदादि, पदमध्ये र पदान्तमा 'अ' शब्दको उच्चारण र लेखनमा बढी त्रुटि गरेको देखिन्छ ।

मानक शब्द	**त्रुटिपूर्ण शब्द**
जुत्ता	जुता
पुराना	पुरान
हात्ती	हाथी
इच्छा	इक्छा
चित्त	चित
दिक्क	दिकक

यसरी खस मातृभाषी विद्यार्थीहरूले पदान्तमा आधा वर्ण हटाई सिङ्गो वर्ण प्रयोग गरेको देखिन्छ । यस क्रममा रेकर्डरमा सङ्कलित स्वतन्त्र मौखिक अभिव्यक्ति क्षमताको विश्लेषण गरिएको छ । विद्यार्थीका बोलाइमा के कति त्रुटि छन् भन्ने कुरा पत्ता लगाइएको छ ।

मानक शब्द	त्रुटिपूर्ण शब्द
स्थानीय	इस्थानीए
स्तर	इस्तर
स्थल	इस्थाल
स्थायी	इस्थायी
स्वच्छ	स्वक्छ
स्कुल	इसकुल

यसरी खस मातृभाषी विद्यार्थीहरूले मातृभाषाको प्रभाव र अशुद्ध उच्चारणले त्रुटि गरेको पाइन्छ ।

मानक शब्द	त्रुटिपूर्ण शब्द
सामान	सुमान
सामान्य	समान्य
सम्माननीय	सम्मानीय
भाषा	भाष
कक्षा	कक्छा
सिर्जना	सिरर्जन
विविधता	विविधत
साझा	साजा

यसरी खस मातृभाषी विद्यार्थीले पदान्तमा ‘आ’ वर्णको उच्चारण र लेखाइमा बढी त्रुटि गरेको देखिन्छ ।

मानक शब्द	त्रुटिपूर्ण शब्द
प्रेरणा	प्रेरना
कारण	कारन
आदरणीय	आदरनिया

यसरी खस मातृभाषी विद्यार्थीहरूले पदान्तमा ‘आ’ वर्णको उच्चारणमा बढी त्रुटि गरेको देखिन्छ ।

मानक शब्द	त्रुटिपूर्ण शब्द
एउटा	यउटो
दुईटा	दोइटा
टाढा	टाडा
टपरी	टपडी

यसरी खस मातृभाषी विद्यार्थीले खासगरी 'ट' वर्गीय शब्दमा 'ढ' वर्णलाई 'ड' वर्णमा परिणत गरी उच्चारण गरेको पाइन्छ । यसको प्रभावले लेखाइमा पनि त्रुटि भएको देखिन्छ ।

मानक शब्द	**त्रुटिपूर्ण शब्द**
नयाँ	नुइया
गएँ	गए
सारांश	सरांश
आँसु	आसु
खान्छौँ	खादछौ

यसरी खस मातृभाषी विद्यार्थीहरूमा मातृभाषाको प्रभाव र असावधानीपूर्ण बोलाइको असर उच्चारण तथा लेखाइमा समेत पर्न गएको देखिन्छ ।

मानक शब्द	**त्रुटिपूर्ण शब्द**
प्रचार	परचार
प्रमुख	परमुख
प्रज्ञा	परज्ञा
परम्परा	पुरमपरा

यसरी खस मातृभाषी विद्यार्थीहरू कतिपयले 'र्' को साटो सिङ्गो 'र' कतिले उल्टोपाल्टो गरेर उच्चारण गरेको पाइयो । यसको मूल कारण भाषिक प्रभाव, गुणात्मक शिक्षाको अभाव, उच्चारणको लापर्वाही र असावधानी देखिन्छ ।

मानक शब्द	**त्रुटिपूर्ण शब्द**
समीक्षा	समिक्छा
अध्यक्ष	अध्यछे
लक्ष्मी	लक्क्षिमी
क्षमा	छमा
विपक्ष	विपक्छ
परीक्षा	परीक्छा
प्रतिक्षा	परतिक्छा

यसरी खस मातृभाषी विद्यार्थीहरूले 'क्ष' वर्णसँग 'क'वर्ण जोडेर प्रयोग गरेको देखिन्छ ।

मानक शब्द	**त्रुटिपूर्ण शब्द**
व्यवहार	बेवहार
एउटा	यउटा
विद्यालय	विदालाय

यसरी खस मातृभाषी विद्यार्थीहरूले 'य' वर्णलाई 'ए' उच्चारण गर्ने र 'ब' वर्ण लाई 'व' र 'व' वर्णलाई ब उच्चारण गर्ने हुनाले उच्चारण र लेखाइमा त्रुटि देखिन्छन् ।

मानक शब्द	**त्रुटिपूर्ण शब्द**
विद्युत	विदुत
अतिरिक्त	अतिरिकत
सरस्वती	सरास्वती
ह्रस्व	हरस्व
इच्छा	इक्छा

यसरी खस मातृभाषी विद्यार्थीहरूले मौखिक उच्चारणमा मात्र नभएर लेखाइमा समेत त्रुटि गरेका देखिन्छन् ।

मानक शब्द	**त्रुटिपूर्ण शब्द**
परिचय	पारिचय
उदय	उदया
समाज	सुमाज
स्थल	स्थाल्
आज	आज्

यसरी खस मातृभाषी विद्यार्थीहरूको उच्चारणमा त्रुटि हुनुको कारण पदान्तको 'अ' लोप गर्ने अथवा शब्दको अन्त्यमा 'अ' उच्चारणमा आउने वर्ण हलन्त उच्चारण गर्नु रहेको देखिन्छ ।

मानक शब्द	**त्रुटिपूर्ण शब्द**
इच्छा	इक्छा
तृप्त	तिरिप्त
चित्त	चित्त्
खाद्य	खाद
सारांश	सराश
जाऊँ	जाऊ

यसरी खस मातृभाषी विद्यार्थीहरूले चन्द्रविन्दु र अनुस्वारको प्रयोग गर्दैनन् । उनीहरू प्रायः नाके ध्वनि प्रयोग गर्दैनन् । त्यसैले चन्द्रविन्दु र अनुस्वारको उच्चारणमा बढी त्रुटि गरेको देखिन्छ ।

मानक शब्द	**त्रुटिपूर्ण शब्द**
आँप	आम
जुत्ता	जुता

भीक्षा	भिक्क्षा
इट्टा	इटा
बारम्बार	बराम्बर
हात	हाथ
सम्पत्ति	सुम्पति
थोरै	ठोरै
खान्छु	खान्चु
भन्छु	भुन्दोछु
पढ्छु	पढ्दोछु

यसरी खस मातृभाषी विद्यार्थीले विभिन्न वर्णलाई विभिन्न रूपमा उच्चारण गरेको हुनाले उच्चारण तथा लेखाइमा समेत त्रुटि देखिन्छन् ।

मानक नेपाली	**त्रुटिपूर्ण शब्द**
जन्मनु	जुनमनु
गएन	गयान
बुद्ध	वुद
सुख	सुख्/सुखा
व्यवहार	बेबहार/बेबार
दुःख	दुख्/दुखा
नभएर	नभाएर
कहिल्यै	कहिलाइ
दया	दाय
सबैलाई	साबैलाइ
उद्देश्य	उदेस/उदेश
सधैँ	सदै
भन्दैनथे	भान्दैनथि
अर्काको	अरकाको

यसरी खस मातृभाषी विद्यार्थीले दैनिक रूपमा नेपाली बोल्न खोज्दैनन् । बोल्दा पनि खस मिश्रित भाषिक शब्दको प्रयोग गर्दछन् । मानक नेपालीको उच्चारणमा पनि फरक पाइन्छ । विभिन्न वर्णलाई विभिन्न रूपमा उच्चारण गरेको हुनाले उच्चारण तथा लेखाइमा समेत त्रुटि देखिन्छन् ।

छलफल

प्रस्तुत लेख विशेष गरी खस भाषी विद्यार्थीहरूको भाषिक क्षमता, भाषा सिकाइमा त्रुटिको पहिचान तथा विश्लेषणमा आधारित भएकाले यहाँ नेपाली भाषा शिक्षणमा खस भाषी विद्यार्थीहरूले

कुन, कुन क्षेत्रमा कस्ता खाले त्रुटिहरू गर्दछन् ? त्रुटिको पहिचान, त्रुटिका मुख्य कारण, त्रुटिविश्लेषणको उपयोगिताका बारेमा वर्णन गरी शिक्षार्थीले गर्ने लिखित तथा उच्चारणगत त्रुटिको बारेमा परिचर्चासहित निष्कर्षमा पुगेर लेख तयार पारिएको छ । यहाँ तिनको क्रमशः चर्चा गरिन्छ :

भाषा सिकाइमा त्रुटिविश्लेषणको उपयोगिता

त्रुटिविश्लेषण भाषा शिक्षणका क्षेत्रमा एक महत्त्वपूर्ण पद्धति र प्रक्रिया हो । यसले भाषा सिकाइका कठिनाइका तहहरूको पहिचान गर्ने, भाषा विषयक खासखास समस्या पत्ता लगाउने, कुन शिक्षण विधिको प्रयोग गर्ने, शिक्षण कार्यकलाप कसरी गर्ने र शिक्षण सामग्रीको प्रयोग कसरी गरेर शिक्षण सिकाइलाई प्रभावकारी बनाउने भन्ने कुरामा जोड दिन्छ । त्रुटिविश्लेषणबाट हामीले प्राप्त गर्ने ज्ञानले दुई भाषाबिचको तुलना गर्दा गरिने पूर्वानुमानलाई परीक्षण गर्दछ र पाठ्यांशमा केकस्ता विषयवस्तु समावेश गर्ने भनेर छनोट गर्न उपयोगी हुन्छ (कर्डर, सन् १९७३, पृ. १) । यसमा भाषा सिक्ने विद्यार्थीहरूको सिकाइ प्रक्रिया कस्तो छ र सिकाइ प्रक्रिया कसरी भइरहेको छ भनेर जान्न विद्यार्थीहरूले गरेको भाषिक व्यवहार (बोलाइ र लेखाइ) लाई अध्ययन गर्नुपर्ने हुन्छ । त्रुटिले भाषा सिकाइको प्रकृति र प्रवृत्तिलाई सङ्केत गर्दछ । भाषा शिक्षकले शिक्षार्थीहरूका त्रुटिको प्रकृति तथा प्रवृत्ति थाहा पाउँदा शिक्षकले सामग्री छनोट, शिक्षण विधि तथा प्रयोग गर्ने तरिकामा सुधार ल्याउँछ । यसले विद्यार्थीहरूको वास्तविक त्रुटि पहिचान गरी निरन्तर अभ्यास गराउनुपर्ने कुरामा विशेष जोड दिन्छ । त्रुटिविश्लेषणले शिक्षकलाई मार्ग प्रदर्शन गर्दछ भने शिक्षार्थीको वास्तविक भाषिक स्थितिको जानकारी दिन्छ । यसरी शिक्षार्थीको भाषिक सिप विकासको प्रक्रिया केकसरी अगाडि बढेको छ, त्यसको अध्ययनका लागि त्रुटिविश्लेषणको महत्त्व रहेको छ । पहिलो भाषाका वक्ताले दोस्रो भाषा सिक्ने क्रममा विभिन्न किसिमका समस्याको सामना गर्नुपर्ने हुन्छ । पहिलो भाषा र दोस्रो भाषाको दूरी केकति छ, त्यसले पनि त्रुटिमा भिन्नता ल्याउँछ । भाषिक व्यवस्थामा जति बढी भिन्नता हुन्छ, त्यति नै त्रुटिको सम्भावना बढ्दै जान्छ ।

त्रुटिका दृष्टिले कुनै पनि नेपाली भाषाभाषी विद्यार्थीको नेपाली भाषाको प्रयोग पूर्णतः त्रुटिरहित हुन सक्दैन । यसरी त्रुटिविश्लेषणले शिक्षार्थीमा रहेको कठिनाइको पहिचान गरी पृष्ठपोषण प्रदान गर्न शिक्षकलाई मार्ग निर्देशन गर्दछ । त्रुटिविश्लेषणबाट व्यक्तिको मनोविज्ञान भाषाका माध्यमबाट परीक्षण गर्न सकिन्छ । यसको अध्ययनले शिक्षण विधि, शिक्षण कार्यकलाप, भाषिक सामग्रीको प्रयोगका साथै पाठ्यक्रम र पाठ्यपुस्तकमा रहेका त्रुटिहरूको पहिचान गरी सुधार गर्न सकिन्छ । भाषा सिकाइमा त्रुटिविश्लेषणले शिक्षार्थीको स्तर, तह, रुचि र भाषिक क्षमताको वास्तविकता पत्ता लगाई सोहीअनुसार पृष्ठपोषण गर्दछ । भाषा सिकाइमा त्रुटिलाई स्वाभाविक प्रक्रिया मानिने हुँदा समयमा नै भाषिक त्रुटिको पहिचान गरी निराकरण गर्न सकेमा शिक्षार्थीका लागि त्रुटिविश्लेषण उपयोगी हुन्छ ।

त्रुटिका कारणहरू

भाषा सिकाइका क्रममा शिक्षार्थीहरूले गर्ने त्रुटिका स्रोतहरू पहिचान गरेर मात्र त्यसको निराकरण गर्न सजिलो हुन्छ । त्रुटिका यी स्रोतहरूलाई कारक तत्व पनि भन्ने गरिन्छ । यस्तो त्रुटि कुनै एक पक्षसँग मात्र केन्द्रित नभई विविधतामा केन्द्रित रहेको हुन्छ । भाषा सिकाइमा प्रभाव पार्ने पक्ष सिकारुको उमेर, वातावरण, अभिप्रेरणा, बौद्धिक क्षमता, शिक्षण विधि, रुचि, समय, आवश्यकता आदि हुन् । अधिकारी (२०५६, पृ. १३२-१३५) का अनुसार सिकाइ प्रक्रिया, त्रुटिगत प्रकृति र प्रवृत्तिका आधारमा त्रुटि औँल्याउन सकिन्छ । शिक्षार्थीले गर्ने त्रुटिका सम्भाव्य कारणहरूमा पहिलो भाषा र दोस्रो भाषाबिचको स्थिति, विद्यार्थीको उमेर, भाषाप्रति उसको रुचि, मानसिक तथा बौद्धिक क्षमता, योग्यता, दक्षता, अभिप्रेरणा, भाषिक वातावरण, समय र आवश्यकतालाई मानिन्छ । भाषा सिक्ने क्रममा हुने त्रुटिका यिनै कारणहरूलाई यहाँ चर्चा गरिएको छ ।

पहिलो भाषा र दोस्रो भाषाबिचको स्थिति भाषा सिकाइका क्रममा पहिलो भाषा र दोस्रो भाषाले प्रभाव पार्दछ । पहिलो भाषा मातृभाषा हो भने दोस्रो भाषा मातृभाषापछि सिकिने भाषा हो । भाषा सिकाइका क्रममा शिक्षार्थीले पहिलो भाषाका विशेषताहरू दोस्रो भाषाका विशेषताहरूसँग सामान्यीकरण गर्न खोज्छ । त्यसैले समान भाषाको सिकाइमा र भिन्न भाषाको सिकाइमा सरलता र जटिलताको मात्रामा फरक हुन्छ । शिक्षार्थीको मातृभाषा थारू, मैथिली, अवधी, हिन्दी र खस भएमा उसले नेपाली दोस्रो भाषाका रूपमा सिकेमा भाषापरिवारका कारणले कम त्रुटि हुन्छ भने मगर, राई र लिम्बू मातृभाषाका विद्यार्थीहरूले नेपाली सिकेमा बढी त्रुटि हुन्छ । यस्ता त्रुटि अन्तरभाषिक त्रुटि मानिन्छन् । त्यसैले पहिलो भाषा र दोस्रो भाषाबिचको भाषिक स्थितिले त्रुटि हुन जान्छ ।

शिक्षार्थी र शिक्षक शिक्षार्थीको उमेर, रुचि, मानसिक तथा बौद्धिक क्षमता, योग्यता आदि कुराहरूले भाषा सिकाइमा त्रुटि देखा पर्दछ । शिक्षार्थीको सामाजिक वातावरण, रीतिरिवाज, बौद्धिक क्षमता, अभिप्रेरणा, शिक्षा आर्जनको माध्यम, समग्र भाषा सिकाइ प्रक्रियाप्रतिको गतिशीलता आदि विभिन्न कारणहरूले भाषिक सिपमा प्रभाव पर्दछन् । उमेरका आधारमा प्रौढ र वयस्कको तुलनामा बालबालिका र किशोरहरूले छिटो भाषा सिक्दछन् । शिक्षार्थीमा बौद्धिक क्षमता, योग्यता र दक्षताका साथै भाषा सिकाइप्रति रुचि, उत्प्रेरणा तीव्र रूपमा देखिएन भने भाषा सिकाइमा त्रुटि हुन जान्छ ।

नेपाली भाषा सरल र सहज छ जसले जसरी र जसले पढाए पनि हुन्छ भन्ने मानसिकताले त्रुटि भएको पाइन्छ । विषयगत र तालिम प्राप्त शिक्षकको अभाव, व्याकरणका नियममा भएको परिवर्तनको जानकारी र परिपत्र नहुनु, अंग्रेजी भाषाको तुलनामा नेपाली भाषाप्रति वितृष्णा उत्पन्न गराउनु, विद्यालयमा विद्यार्थीले नेपाली बोलेमा शिक्षक आफैँले सजाय दिनु आदि कारणले नेपालीमा त्रुटि बढ्दै गएको पाइन्छ । शिक्षकले विद्यार्थीमा रहेको त्रुटिविश्लेषण गरी कठिनाइ पहिचान गरी पृष्ठपोषण प्रदान गर्ने हुँदा सबल, सक्षम र योग्य शिक्षक नभएमा त्रुटिको मात्रा बढेर जान्छ । सबल, सक्षम र योग्य शिक्षक भएमा शिक्षणविधि, शिक्षण कार्यकलाप, भाषिक सामग्रीको प्रयोगका साथै पाठ्यक्रम र पाठ्यपुस्तकमा रहेका त्रुटिहरूको पहिचान गरी सुधार गर्न सकिन्छ ।

भाषिक वातावरण र समय पहिलो भाषाको सिकाइले स्वतन्त्र, अनियन्त्रित र अनौपचारिक वातावरण पाउँछ भने दोस्रो भाषा सिकाइले निश्चित, नियन्त्रित र औपचारिक वातावरण पाउँछ। घर, परिवार, साथीसङ्गी र समाजको वातावरणले समेत भाषिक त्रुटिको निर्धारण गर्दछ। त्यसैले भाषिक वातावरण पनि त्रुटिको कारक तत्व मानिन्छ। वास्तवमा भाषा समयअनुसार परिवर्तनशील हुने भएकाले एक जीवन्त भाषाका लागि परिवर्तनशील पक्ष आवश्यक मानिन्छ। भाषामा हिजो प्रयोग गरिदै आएका ध्वनि, वर्ण, शब्द, व्याकरण र अर्थ व्यवस्थाका कतिपय नियम आज परिवर्तन भइसकेका हुन्छन्। समयअनुसार भाषा सिकाइमा पनि परिवर्तन हुन्छ। समय परिवेशअनुसार भाषामा नवीन प्रयोग र सरलीकरणको खोजी गरिन्छ। भाषा सधैं एकनासको नभई परिवर्तन हुने हुँदा भाषा प्रयोगकर्ताले समयअनुसार आफूमा पनि परिवर्तन ल्याउन आवश्यक हुन्छ। शिक्षार्थीले समयअनुसार भाषाको प्रयोग गर्न नसकेमा भाषा सिकाइमा त्रुटि हुन जान्छ। यसरी समय पनि भाषा सिकाइमा त्रुटिको एक कारक तत्त्व मानिन्छ।

प्रयोगकर्ता र भाषाको आवश्यकता प्रयोगकर्तालाई भाषाको आवश्यकता केकति छ त्यसका आधारमा भाषामा त्रुटि हुने गर्दछ। भाषा सिकाइका क्रममा अनिवार्य आवश्यकता ठानेर त्यसको अध्ययन गरिन्छ भने त्यस भाषामा कम त्रुटि पाइन्छ। यदि भाषालाई ऐच्छिक विषय मानेर सामान्य विचार विनिमय गर्न मात्र प्रयोग गरिन्छ भने त्यस भाषाको प्रयोग गर्दा बढी त्रुटि हुन्छन्। भाषा भाषाका लागि हो वा अन्य प्रयोजनका लागि त्यसले समेत त्रुटि निर्धारण गर्दछ। अनिवार्य घटकमा भाषामा शुद्धता, स्तरीयता, मानक हेरिन्छ भने ऐच्छिक घटकमा त्यस्तो अवस्था हुँदैन भन्ने धारणा राखिन्छ। यस्तो अवस्था भयो भने भाषा सिकाइमा सहजता हुँदैन। त्यसैले भाषिक प्रयोगकर्तालाई भाषाको आवश्यकता केकति छ ? त्यसका आधारमा त्रुटि हुने हुँदा आवश्यकता पनि त्रुटिको एक कारक तत्त्व बन्न पुग्दछ।

निष्कर्ष

सिकारुमा कुन प्रकृतिका त्रुटि केकति कारणले र कसरी हुन्छन् भनी निराकरणका उपायको अध्ययन विश्लेषण गर्नु त्रुटिविश्लेषण हो। यसले भाषा सिकाइको स्तर र त्यसमा रहेका समस्यासँग शिक्षकलाई सुपरिचित गराउँछ। यसका आधारमा शिक्षकले आफ्नो गन्तव्यलाई सहज र सुनिश्चित गर्न सक्छन्। त्रुटिको व्यवस्थित रूपमा व्याख्या र वर्णन गर्न सक्छन्। खस मातृभाषी विद्यार्थीले नेपाली उच्चारणमा गर्ने त्रुटिको अध्ययन गर्ने क्रममा खस मातृभाषी विद्यार्थीले नाम शब्दको अन्तिम अकारलाई हलन्त उच्चारण गरेको पाइयो। पदान्तमा संयुक्त व्यञ्जनमा आउने अकारान्त अध्यक्ष, सदस्य, स्वर्गजस्ता शब्दलाई हलन्त उच्चारण गरी अध्यक्ष्, सदस्य्, स्वर्ग् उच्चारण गरेको पाइयो। 'ढ' वर्णलाई 'ड' वर्णमा परिणत गरी उच्चारण गरेको पाइयो। पदान्तमा 'अ' आउने शब्दको उच्चारणमा पनि त्रुटि गरेको पाइयो। चन्द्रविन्दु र अनुस्वरको उच्चारणमा बढी त्रुटि गरेको पाइयो। 'क्ष' वर्णलाई 'छ' को रूपमा उच्चारण गरेको हुनाले लेखाइमा समेत त्रुटि गरेको पाइयो। य/ए र

ब/व वर्ण प्रयोग भएका शब्दको उच्चारणमा पनि त्रुटि गरेको पाइयो । 'क' लाई 'ख' र 'ख' लाई 'क' दुवै भनेर उच्चारण गरेको पाइयो, जस्तै : शङ्खघोष -शङ्कखोष । 'प' वर्णयुक्त शब्दलाई उच्चारण गर्न लगाउँदा 'क' वर्णयुक्त उच्चारण भएको पाइयो । जस्तै : परीक्षण -परीक्क्षण । 'ध' वर्णयुक्त शब्दलाई उच्चारण गराउँदा 'ध' नै उच्चारण नगरी 'द' वर्णयुक्त शब्द उच्चारण गरेको पाइयो । जस्तै : अवैध-अवैद आदि ।

'व' लाई प्राय 'ब' नै उच्चारण गरेको पाइयो जस्तै : वातावरण-बाताबरण, विशेष-बिशेष । 'घ' वर्णलाई 'ध' उच्चारण गरेको पाइयो जस्तै : घर्ती-धर्ती आदि । 'क्ष' र 'छ' वर्णयुक्त शब्दहरूको उच्चारणमा विशेष गरी 'क्ष' वर्गका वर्णहरूलाई 'क्छ्य' उच्चारण गरेको पाइयो भने 'छ' लाई 'क्ष' उच्चारण गर्नेको सङ्ख्या कम पाइयो । जस्तै : अक्षर-अक्छेर । पञ्चम वर्ण (ङ, ञ, न, ण, म) उच्चारणमा 'ण' उच्चारण गर्दा न, ङ उच्चारणमा ण, म उच्चारणमा ङ र ङ उच्चारणमा 'ञ' उच्चारण गरेको पाइयो । 'अ' र 'आ' निहित शब्दहरूको उच्चारणमा अकारलाई आकारमा र आकारलाई अकारमा उच्चारण गरी त्रुटि गरेको पाइयो । अनुस्वर र चन्द्रविन्दु निहित शब्दहरूको उच्चारणमा अनुस्वरलाई चन्द्रविन्दु र चन्द्रविन्दुलाई अनुस्वर उच्चारण गरेको पाइयो । पदयोग र पदवियोग निहित शब्दहरूको उच्चारणमा पदयोग हुनुपर्ने धैरै शब्दहरू पद वियोग उच्चारण गरेको पाइयो । उच्चारणका क्रममा बजार, बाजार, धनीलाई धानी उच्चारण गरेको पाइयो । अनुकरणात्मक शब्दको उच्चारणमा निकै त्रुटि गरेको पाइयो । यी शब्दको उच्चारण गर्न कठिन हुने र मातृभाषाको उच्चारणमा बानी परेको हुनाले उच्चारण र लेखनमा समेत त्रुटि गरेको पाइयो । नेपाली बोल्दा नेपालीसँग मिल्दाजुल्दा खस शब्दलाई नेपालीकरण गरेर पनि बोल्ने गरेको पाइयो । 'हामी खेल्छौँ' भन्दा 'हमी खेल्दाछु' भनेको पाइयो । 'म लेख्छु' भन्नुपर्दा 'मु लेक्दछु' भनेको पाइयो । 'म गर्छु' भन्नुपर्दा 'मु गर्दोछु' भनेको पाइयो ।

क्रियापदको अन्तिम वर्णलाई हलन्त उच्चारण गरेको पाइयो । तिमी कर्तामा प्रयोग हुने पढ्छ, भन्छ, गर्छ, लेख्छजस्ता संयुक्त व्यञ्जनमा आउने अकारान्त क्रियापदलाई पढडोछ्, भन्नोछ्, गर्दोछ , लेक्दोछ् उच्चारण गरेको पाइयो । यसरी खस मातृभाषी विद्यार्थी नेपाली उच्चारणमा निकै कमजोर रहेको, नेपाली बोल्दा राम्रो उच्चारण गर्न नसकेको र खस शब्द मिसाएर बोल्ने गरेको पाइयो । खस भाषाका शब्दलाई नेपालीजस्तो बनाएर लेख्लाई लेक्दो, लेख्न्या; गर्लाई गर्दो गर्छौं जस्ता भिन्न ढङ्गले उच्चारण गरेको पाइयो । अकार वर्णलाई आकार गरेर उच्चारण गरेको पाइयो । यसरी खस मातृभाषी विद्यार्थीलाई नेपाली उच्चारणमा निकै कठिनाइ भएको, शब्दभण्डार र शब्दोच्चारणको लबज भिन्न भएकाले नेपाली भाषाका सुनाइ, बोलाइ, पढाइ तथा लेखाइमा त्रुटि हुने गरेको निष्कर्ष निकालिएको छ ।

कृतज्ञता

खस भाषी विद्यार्थीहरूले नेपाली भाषा सिकाइमा गरेका त्रुटिहरूको अध्ययनका लागि PhD Fellowship and Research Support 19/80 Ed-08 मा मलाई छनोट गरी मेरो वृत्ति विकासका

लागि अनुसन्धानको अवसर प्रदान गर्ने विश्वविद्यालय अनुदान आयोग, नेपालप्रति हार्दिक आभारसहित कृतज्ञता प्रकट गर्दछु ।

सन्दर्भसामग्री सूची

अधिकारी, हेमाङ्गराज (२०५६), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०५७), *भाषा शिक्षणका केही परिप्रेक्ष्य तथा पद्धति,* विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज, लम्साल जयप्रसाद र योन्जन, अमृत (२०७२), *नेपालमा बहुभाषिक शिक्षा, शिक्षक स्वाध्ययन सामग्री,* शैक्षिक जनशक्ति विकास केन्द्र ।

कर्डर, एस. पिट (सन् १९७३), *इन्ट्रड्युसिङ अप्लाइड लिग्विस्टिक्स हार्मोन्डवर्थ,* पेङ्गुइन बुक्स ।

क्रिस्टल, डेभिड (सन् १९७३), *अ डिक्सनरी अफ लिग्विस्टिक्स यान्ड फोनेटिक्स,* ब्याकवेल पब्लिसर्स लि. ।

ढकाल, शान्तिप्रसाद (२०७३), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* पिनाकल पब्लिकेसन प्रा.लि. ।

ढकाल, शान्तिप्रसाद (२०७३) *प्रायोगिक भाषाविज्ञान,* पिनाकल पब्लिकेसन ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०७०), *प्रायोगिक भाषाविज्ञान,* एम. के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

पौडेल, माधवप्रसाद (२०७३), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू,* हेरिटेज पब्लिस एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

बन्धु, चूडामणि (२०७३), *भाषाविज्ञान,* नवौँ संस्करण, साझा प्रकाशन ।

बन्धु, चूडामणि (२०७७) *भाषाविज्ञान,* दसौँ संस्करण, साझा प्रकाशन ।

भण्डारी, पारसमणि (२०५४), *प्रायोगिक भाषाविज्ञानका केही पक्ष,* विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी र अन्य (२०६८), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* विद्यार्थी पुस्तक भण्डार ।

रिचार्डस,जे.सी.; प्लाट, जे. एन्ड वेइवर, एच. (सन् १९८५), *लङ्म्यान डिक्सनरी अफ एपलाइड लिङ्ग्युटिक्स,* लङ्म्यान ।

लम्साल, रामचन्द्र र अन्य (२०७०), *प्रायोगिक भाषाविज्ञान,* भुँडीपुराण प्रकाशन ।

लामिछाने, यादवप्रकाश (२०६८), *प्रायोगिक भाषाविज्ञान,* विद्यार्थी पुस्तक भण्डार ।

श्री ५ को सरकार (२०५०), *भाषा नीति सुझाव आयोगको प्रतिवेदन तथा नेपालको भाषिक स्थिति,* काठमाडौँ ।

सेन्टर बिउरो अफ स्टाटिस्टिक्स (सन् २०२१), *नेसनल पपुलेसन एण्ड हाउजिङ सेनसज* , सेन्टर बिउरो अफ स्टाटिक्स ।